# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, नेपालगञ्ज
### नगरप्रहरी भर्ना सम्वन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०७५/११/०६ गते**

यस नेपालगञ्ज उपमहानगरपालिकामा रिक्त रहेको **नगरप्रहरी निरिक्षक, नगरप्रहरी सहायक निरिक्षक र नगरप्रहरी जवान** पदहरुमा खुला प्रतियोगिताद्धारा समावेशी प्रावधान अनुसार करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय वमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी(स्वयम् उपस्थित भई) दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**१. आवश्यक पद संख्या :**

| विज्ञापन नं. | पद | खुला | समावेशी | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी जनजाती | मधेशी | दलित | मुस्लिम | सिमान्तिकृत | |
| १-०७५/७६ | नगरप्रहरी निरिक्षक | १ | - | - | - | - | - | - | १ |
| २-०७५/७६ | नगरप्रहरी सहायक निरिक्षक | १ | - | - | - | - | - | - | १ |
| ३-०७५/७६ | नगरप्रहरी जवान | ४ | १ | १ | १ | - | - | - | ७ |

**२. दरखास्त फाराम दर्ता मिति :-** २०७५/११/०६ गते देखि २०७५/११/२० गतेसम्म ।

**३. दरखास्त फाराम पाईने स्थान :-** नेपालगञ्ज उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज ।

**४. दरखास्त दस्तुर :-**

| पद | राजश्व दस्तुर |
|---|---|
| नगरप्रहरी निरिक्षक | दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.१०००। (एकहजार) बुझाउनुपर्नेछ । |
| नगरप्रहरी सहायक निरिक्षक | दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.५००। (पाँचसय) बुझाउनुपर्नेछ । |
| नगरप्रहरी जवान | दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.३५०। (तीनसय पचास) बुझाउनुपर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत(रु.६०) का दरले थप दस्तुर लाग्नेछ । |

**५. आवश्यक न्यूनतम योग्यताहरु :-**

| पद | न्यूनतम शैक्षिक योग्यता र उमेर | अन्य न्युनतम योग्यता |
|---|---|---|
| नगरप्रहरी निरिक्षक | ▪ उमेर: दरखास्त बुझाउने समयसम्म सेवानिवृत नेपाली सेना, नेपाल प्रहरी, ससश्त्र प्रहरी कर्मचारी ४५ वर्ष ननाघेको (अनिवार्य सेवानिवृत्त हुनुपर्ने) ।<br>▪ शिक्षा : कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको । | ▪ नेपाली नागरिक ।<br>▪ कुनै राजनीतिक दलको सदस्य नभएको ।<br>▪ कुनै विध्वंसात्मक संस्थाको सदस्य नरहेको ।<br>▪ स्वीकृति प्राप्त चिकित्सकवाट निरोगिकताको प्रमाणपत्र पाएको ।<br>▪ आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।<br>▪ छाती कम्तीमा नफुलाउँदा ३० इन्च र फुलाउँदा |

| | | |
|---|---|---|
| नगरप्रहरी सहायक निरिक्षक | ▪ उमेर:दरखास्त बुझाउने अन्तिमम्यादसम्म १८ वर्ष पूराभई ३० वर्ष ननाघेको ।<br>▪ शिक्षा: नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको । | ३२ इन्च भएको । महिलाको हकमा कम्तीमा नफुलाउँदा २७ इन्च र फुलाउँदा २९ इन्च भएका ।<br>▪ नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।<br>▪ महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटिमा ५ फिट २ इन्च उचाई भएको ।<br>▪ पुरुषको हकमा कम्तीमा ५० के.जी. र महिलाको हकमा कम्तिमा ४५ के.जी तौल भएको ।<br>▪ प्रहरी निरिक्षकको पदमा आवेदन दिने आवेदक अनिवार्य सेवानिवृत्त भएको हुनुपर्ने, सेवामा रहँदा कम्तीमा प्रहरी सहायक निरिक्षक वा सो सरह पदमा काम गरेको अनुभव भएको, भगौडा प्रहरी नभएको । |
| नगरप्रहरी जवान | ▪ उमेर: दरखास्त बुझाउने अन्तिम म्याद सम्म १८ वर्ष पूराभई २५ वर्ष ननाघेको ।<br>▪ शिक्षा: स्वीकृत माध्यमिक विध्यालयबाट कम्तीमा एसइइ वा सो सरह कक्षा उतिर्ण गरेको । | |

## ६. दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु :

- नेपाली नागरिकताको प्रतिलिपी १ प्रति,
- हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साईजको फोटो ५ प्रति,
- आफुले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १/१ प्रति, नेपाल सरकार बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाणपत्र (Equivalent Certificate) को प्रतिलिपी,
- आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/जनजातीको लागि सम्बन्धित निकायबाट जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी ।
- मधेसी तथा दलित को लागि सम्बन्धित निकायबाट बाट मधेसी, दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी ।
- सेवानिवृत्तको हकमा यस अघि सम्वन्धित क्षेत्रमा काम गरेको प्रमाणपत्रको प्रतिलिपी
- दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपीको पछाडिपट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नुपर्नेछ ।

## ६. परीक्षा विधि :

प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण, लिखित परीक्षा र अन्तर्वार्ता

**७. परीक्षा हुने स्थान :** कार्यालयले तोके बमोजिमको स्थानमा ।

**८. सम्पर्क मिति तथा स्थान :-** मिति २०७५/११/२६ गते,

नेपालगञ्ज उपमनपा, नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज ।

९. अन्य विषय, शर्तहरुका सम्वन्धमा अन्तिम निर्णय यस नगरकार्यपालिकाको हुनेछ ।

**(हरि प्याकुरेल)**
**प्रमुख प्रशासकीय अधिकृत**